बज्राचार्य क्लबको विधान २०७३

प्रस्तावना

सभ्य र उन्नत समाज नै राष्ट्रको शान्ति र प्रगतिको आधारशिला हो । अतः राष्ट्रलाई शान्ति र प्रगतिको बाटोमा दोऱ्याउनु राष्ट्रका प्रत्येक नागरिक तथा संघ-संस्थाको प्रमुख दायित्व र कर्तव्य हुन आउँछ ।

बज्रयान एक प्राचीन परम्परागत बौद्ध धर्म हो, जसले सम्पूर्ण सत्व (प्राणी) को कल्याण होस् भन्ने उद्देश्यले चिन्तन मनन गर्नुको साथै त्यसलाई व्यवहारमा उतार्ने पुनित कार्य गर्दछ । बज्रयान बौद्धधर्म र संस्कृतिको संरक्षण एवं प्रबर्द्धन गरी बज्रयाणी समाजको उत्थान गर्न, नेपाललाई शान्ति र प्रगतिशील राष्ट्र बनाउने राष्ट्रिय अभियानमा सहयोगात्मक कार्य गर्न (प्रस्तुत क्लव आजभन्दा एक दशक अगाडि स्थापना भइ समाज सेवाको क्षेत्रमा विविध रचनात्मक क्रियाकलापको सञ्चालन सहित क्रियाशील रहेको) स्थापना भएको **"बज्राचार्य क्लब"को विधिवत रूपमा** मुलुकको प्रचलित कानुन अनुरूप संस्था दर्ता ऐन २०३४ को अधिनमा रही तर्जुमा गरिएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१) संस्थाको नाम :-

यस संस्थाको नाम **"बज्राचार्य क्लब"** रहनेछ । अग्रेजीमा यसलाइ BAJRACHARYA CLUB लेखिनेछ ।

क) संस्थाको कार्यालय रहने ठेगानाः-

यस संस्थाको कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वार्ड नं. २१, इकु बहाल, यंगालमा रहनेछ ।

ख) संस्थाको कार्यक्षेत्र :-

यस "बज्राचार्य क्लब" को कार्यक्षेत्र हाललाइ काठमाडौं जिल्ला रहने हुनेछ र आवश्यकता अनुसार सम्बन्धीत स्थानीय अधिकारीको स्वकृत्ती लिएपछि नेपाल राज्यभर कार्य क्षेत्र बिस्तार गरीने छ ।

ग) प्रारम्भ :-

यो बिधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

घ) संस्थाको अस्तित्व :-

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामुलक, गैर राजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय-आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

२. **परिभाषा :-**

क) **"विधान"** भन्नाले **"बज्राचार्य क्लब"** को विधानलाई सम्झनुपर्दछ ।

ख) **"संस्थान"** भन्नाले दफा २ (क) बमोजिमको विधान अनुसार गठन भई स्थापना भएको **"बज्राचार्य क्लब"** लाई जनाउँदछ ।

ग) **"समिति"** भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

घ) **"सभा"** भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारणसभालाई समेत जनाउँदछ ।

ङ) पदाधिकारी भन्नाले संस्थाका पदाधिकारीहरूलाई सम्झनुपर्दछ ।

च) **"नियम, विनियम"** भन्नाले यस विधान अन्तर्गत बन्ने नियम, विनियमलाई जनाउँछ ।

छ) **"स्थानीय अधिकारी"** भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

ज) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यो विधान र यस विधान अन्तर्गत नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

झ) **"स्थानीय निकाय"** भन्नाले गा.वि.स., महानगर, उपमहानगर, नगरपालिका र जि.वि.स. लाई जनाउने छ ।

३. **संस्थाको छाप र चिन्हः-**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुनेगरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरून्त संशोधन गरिनेछ ।

परिच्छेद २
उद्देश्य

४) **संस्थाको उद्देश्य :-**

प्रचलित ऐन कानून तथा नेपाल सरकारको नीति निर्देशनको अधीनमा रही कार्य गर्ने गरी छरिएर रहेका युवा शक्तिलाई एकीकृत गरी तिनीहरूको शिप र दक्षता अभिबृद्धि हुने क्रियाकलापहरू गरेर युवा वर्गको शक्तिलाई संस्थागत रूपमा सामाजिक रूपान्तरणको दिशामा अगाडि बढ्ने यस संस्थाको मूलभूत उद्देश्य रहनेछ । यसको अलावा यस संस्थाका निम्नानुसारका उद्देश्यहरू हुन्छन् ।

क) यो संस्था मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख) युवा वर्गको शिप र दक्षता बढाउन विभिन्न खालको क्रियाकलापहरूको आयोजना गर्नुको साथै छरिएर रहेको युवा शक्तिलाई एकीकृत गरी देशको समग्र विकासमा योगदान पुऱ्याउने ।

ग) परम्परादेखि चलिआएको बज्रयानी बुद्धघर्मका विविध पक्षहरूको महत्वलाई उजागर गर्ने ।

घ) ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पुरातात्विक धरोहरहरूका रूपमा रहेका हाम्रा बहा-बहि, कला-संस्कृति, रीति-रीवाज, भेष-भुषा, रहन-सहन, भाषा-लिपि आदिको संरक्षणको लागि आवश्यक पहल गर्ने ।

ङ) बज्रयानी परम्पराका पूजाविधि, संस्कार, संस्कृति, धर्मदर्शन आदि विभिन्न पक्षमा आधारित सम्पदाहरूको प्रचार-प्रसार गर्नुको साथै बौद्धधर्म सम्बन्धी अध्ययन, अनुसन्धान तथा अध्यापन समेत गराई जन समुदायमा बौद्ध जागरण ल्याउने ।

च) बुद्धधर्म सम्बन्धी गोष्ठीहरूको आयोजना गरेर यस धर्मका विज्ञहरूलाई समन्वयात्मक रूपमा अगाडि बढाउने प्रयत्न गर्ने ।

छ) पंचशीलको सिद्धान्तमा रहि सामाजिक सुधार एवं राष्ट्रलाई हित हुने सेवामूलक कार्यहरू संचालन गर्ने ।

ज) व्यक्तित्व विकास सम्बन्धि गोष्ठी, तालिम, अन्तरक्रिया, प्रदर्शनी आदि गर्ने । विभिन्न खेलकुद, सांगितिक तथा अन्य प्रतियोगिता आयोजना गर्ने ।

झ) पुस्तकालय तथा वाचनालयको स्थापना गर्ने ।

ण) विभिन्न अवसरहरूमा स्वयमसेवकको भूमिका निर्वाह गर्ने ।

ट) आर्थिक अवस्था कमजोर भएकाहरूको लागि स्वास्थ्य सेवा, शिक्षा र रोजगारीको प्रबन्ध मिलाई दिने ।

ठ) संस्थाको गतिविधि सम्बन्धि बुलेटिन तथा बौद्ध धर्म सम्बन्धि सूचनामूलक पत्रपत्रिका, पुस्तक प्रकाशन गर्ने ।

ङ) संस्था सम्बन्धि विवाद आएमा आपसी सहमतिको आधारमा यसै विधान अनुसार विवाद समाधान गरिनेछ ।

ढ) प्रस्तावित उद्देश्य प्राप्तिको क्रममा कुनै पनि निकायबाट स्वीकृति दिनु पर्ने भए सो पक्रिया पुरा गरेपछिमात्र कार्य सम्पादन गरिने छ ।

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:-
यस संस्थाको उपरोक्त उद्देश्यहरू प्राप्त गर्न देहायका कार्यहरू गर्नेछन् :-

क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आफ्ना उद्देश्यहरू कार्यान्वयन गर्ने छ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाँडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, फ्याक्स तथा फर्निचर जस्ता विविध कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तीनको सेवा सर्तहरू निर्धारण गर्नेछ ।

परिच्छेद ३
सदस्यता

६. सदस्यहरुको वर्गीकरण :-

क) साधारण सदस्य :
यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि बज्राचार्य कुलका नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरू साधारण सदस्य हुने छन् ।

ख) संस्थापक सदस्यहरू :
यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरू संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरूले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

ग) आजीवन सदस्य :
संस्थाको विकासको लागि विशेष योगदान पुऱ्याउने व्यक्तिहरूलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ ।

घ) मानार्थ सदस्य :
उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरूको मताधिकार रहने छैन ।

द्रष्टव्य : कुनै प्रकारकोक सदस्यता प्राप्त गर्नको लागि कार्य समितिबाट स्वीकृत हुनु पर्नेछ ।

७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :

क) बज्राचार्य कुलका नेपाली नागरिक भएको ।

ख) १८ वर्ष उमेर पुरा गरेको ।

ग) मानसिक सन्तुलन नगुमाएको ।

घ) सार्वजनिक सम्पत्ती हिनामिना गरेको नठहरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

८. संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :-

क) गैर बज्राचार्य कुलका व्यक्ति ।

ख) १८ वर्ष उमेर पुरा नगरेको ।

ग) मगज बिग्रेको वा बौलाएको ।

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

च) सुम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

छ) साहुको दामासाहीमा परेको ।

ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाँझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत सजाय पाई सजाय पाएको एक वर्ष भित्र ।

९. सदस्यताको समाप्ती :

क) देहायको अवस्थामा कुनै व्यक्ति संस्थामा बहाल रहने छैन ।

१) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।
२) साधारणसभाको ७५ प्रतिशतको सदस्यहरूको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।
३) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।
४) संस्थाको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।
५) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।
६) संस्था बिघटन भै खारेज भएमा ।

ख) कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद् पेश गर्ने मौका दिइने छ ।

१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-

यस बिधानको दफा ६ बमोजिमको सदस्यहरूले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन् ।

क) साधारण सदस्यः

१) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले निर्धारित प्रवेश शुल्क र वार्षिक शुल्क बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्य प्रदान गर्न सकिने छ।

२) त्यस्ता साधारण सदस्यबाट वार्षिक नवीकरण शुल्क लिने नलिने कार्य समितिको निर्णय बमोजिम हुनेछ ।

३) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आषाढ महिनाको मसान्तभित्र नवीकरण गराई सक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नवीकरण गर्न सक्नेछ ।

ख) संस्थापक सदस्य :

१) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारी संस्थापक सदस्य हुनेछन् ।

२) संस्थापक सदस्यहरूले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजीवन सदस्य प्राप्त गर्न सक्ने छन् ।

ग) आजीवन सदस्य :

संस्थामा एकमुष्ट रकम बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरूलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

घ) मानार्थ सदस्य :

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी, बिशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरूलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

ङ) कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सोको कारणसहितको जानकारी आवेदकलाई दिईने छ ।

च) सबै सदस्यहरूले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्ने छ ।

छ) संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरूको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

परिच्छेद - ४

साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

११. साधारण सभाको गठन :-

क) यस संस्थाको विधानको दफा ६ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरू बाहेक अन्य सदस्यहरूको साधारण सभा गठन हुने छ । मानार्थ सदस्यहरू आमन्त्रित हुने छन् । साधारण सभा संस्थाको सर्बोच्च अंग हुनेछ ।

ख) यस संस्थाको साधारण सभा, देहाय बमोजिम हुनेछन् ।

१) वार्षिक साधारण सभा : वर्षको एक पटक वार्षिक साधारण सभा बस्ने छ ।

२) विशेष साधारण सभा : संस्थाको कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरूको कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात) दिनभित्र अनिवार्य रूपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

ग) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिनेछ ।

घ) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरूलाई अनिवार्य रूपले सूचना दिइनेछ ।

ङ) उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १७ बमोजिमको गण पूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पुनः साधारण सभा बोलाइने छ ।

च) साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिने छ ।

१२. साधारण सभाको काम कर्तव्य र अधिकार :-

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्य समितिले पेश गरेको योजना, कार्यक्रमहरू र वार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण-प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमति बेरूजु रकमहरू माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरूजु रकमहरू अशुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

घ) संस्थाको वार्षिक कार्य प्रगती विवरण र संस्थाले गरेको कार्यहरूको मूल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्य समितिका पदाधिकारीको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारीको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट संस्थाको हित अनुकूल भएका काम-कारवाहीको, औचित्य हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको आफै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरूको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरूमा आवश्यकता अनुरूप स्वीकृति प्रदान गर्ने ।

१३. **कार्य समितिको गठन :-**

क) साधारण सभाका सदस्यहरूबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरू रहने ११ सदस्यीय एक कार्य समिति गठन गरिनेछ ।

अध्यक्ष	-	**१**
उपाध्यक्ष	-	**१**
महासचिव	-	**१**
सचिव	-	**१**
कोषाध्यक्ष	-	**१**
सहकोषाध्यक्ष	-	**१**
सदस्य	-	**५**

ख) कार्यसमिति लगायत अनुगमन समिति र लेखा समितिको कार्यकाल दुई वर्षको हुने छ । कार्यकारिणी समितिमा दुई कार्यावधि भन्दा बढी एकै व्यक्ति अध्यक्ष हुन पाईने छैन ।

ग) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनयन कार्य समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यहको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकालसम्मका लागि मात्र हुने छ तर अन्य पदहरूको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्वारा पद पूर्ति गरिनेछ ।

घ) कार्य समितिमा महिला सदस्यको ५० प्रतिशत उपस्थिती अनिर्वाय रहनेछ ।

ङ) कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ । तर कार्यसमितिको पदाधिकारीहरूको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरून्त बोलाउनु पर्नेछ ।

च) कार्य समितिका पदाधिकारीहरूको कूल संख्याको ५१ प्रतिशत पदाधिकारीहरू उपस्थित नभै कार्य समितिको बैठक बस्ने छैन ।

छ) कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरूले छानेको वा उमेरले जेष्ठ सदस्यले अध्यक्षता गर्ने गर्नेछ ।

ज कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

झ) कार्य समितिको बैठकमा छलफल भएको विषयहरूको छुट्टै निर्णय किताबमा लेखी राखिने छ । सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सही गर्नु पर्ने छ तर निर्णयमा असहमती जनाउनेहरूले कैफियत खोली सही गर्नु पर्ने छ ।

ज) संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्य समितिको निर्णयबाट हुने छ ।

ञ) माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरू लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।

१४. कार्य समितिको काम, कर्तव्य र अधिकार :

कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

ख) बिधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

ग) संस्थाको हितमा हुने कार्यक्रमहरू सञ्चालन गर्ने ।

घ) साधारण सभा प्रति उत्तरदायी रहने ।

ङ) संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

च) संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

छ) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।

ज) संस्थाको कर्मचारीहरूको सेवा, शर्त र सुविधा आदि सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।

झ) संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहकार समिति, अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरूप कार्यको बाँडफाँड गरी दिने ।

ञ) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१५. पद त्याग गर्न सक्ने :-

अध्यक्षको उपाध्यक्ष मार्फत् कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्ने छन् ।

१६. अन्य समितिहरु :-

क) अनुगमन समितिको गठन र पदाधिकारी :

१) संयोजक - १

२) सदस्यहरू - २

ख) लेखा समितिको गठन र पदाधिकारी :

१) संयोजक - १

२) सदस्यहरू - २

ग) यस विधानको परिधी भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समितिले तोकी दिए बमोजिम हुनेछ ।

घ) उप-समितिहरूको कार्यहरू कार्य समितिले तोकी दिए बमोजिम हुनेछ ।

१७. गणपूरक संख्या :-

क) कुल सदस्य संख्याको ६० (साठी) प्रतिशत साधारण सदस्यहरूको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन ।

ख) तर विधानको दफा ११ को (ङ) मा उल्लेख भए बमोजिम, पुनः बोलाइएको साधारण सभामा कूल सदस्य संख्या ५१ प्रतिशत उपस्थित नभएमा पनि सभागर्न बाधा पर्ने छैन ।

परिच्छेद - ५

पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

१८. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :-

कार्य समिति, अनुगमन समिति र लेखा समितिका पदाधिकारहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्षको काम, कर्तव्य र अधिकार :

१) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

२) निर्णायक मत दिने ।

३) संख्याको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

४) संस्थाको नेतृत्व लिने ।

५) आवश्यकता अनुसार बैठकहरू बोलाउन सचिवलाई निर्देशन दिने ।

६) अन्य पदाधिकारी एवं सदस्यहरूलाई कामको बाँडफाँड गर्ने ।
७) अभिलेख प्रमाणित गर्ने ।

ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :
१) अध्यक्षलाई सहयोग गर्ने ।
२) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।
३) अध्यक्षको अनुपस्थितीमा निजको कार्य गर्ने ।

ग) महासचिवको काम, कर्तव्य र अधिकार
१) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।
२) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।
३) अभिलेख सुरक्षित राख्ने ।
४) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

घ) सचिवको काम, कर्तव्य अधिकार :
१) सचिवलाई सहयोग गर्ने ।
२) महासचिवले दिएको जिम्मेवारी पूरा गर्ने ।
३) महासचिवको अनुपस्थितिमा निजको कार्य गर्ने ।

ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :
१) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।
२) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेस गर्ने ।
३) लेखा दुरूस्त राख्ने ।
४) नियमित रूपमा वार्षिक लेखापरीक्षण गराउने ।

च) सहकोषाध्यक्षको काम, कर्तव्य अधिकार :
१) कोषाध्यक्षलाई सहयोग गर्ने ।
२) कोषाध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।
३) कोषाध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

९. संस्थाको कोष :-

क) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरू जम्मा हुनेछन् :
१) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।
२) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।
३) संस्थाको चल अचल सम्पति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम ।
४) बिदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट सहयोग वापत प्राप्त रकम ।
५) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

ख) विदेशी संघ-संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल अर्थ मन्त्रालयबाट स्वीकृति लिईने छ ।

ग) संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

२०. खाता सञ्चालन :-
संस्थाको बैंक खाता अध्यक्ष वा सचिव मध्ये एकको र कोषाध्यक्षको (अनिवार्य) गरी संयुक्त रजनाको दस्तखतबाट सञ्चालन हुने र प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

२१. कोषको रकम खर्च गर्ने तरिका :-
संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम प्रकृया अपनाई खर्च गरिनेछ ।
क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।
ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।
ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रूपले पेश गर्नु पर्नेछ ।
घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

२२. संस्थाको लेखा र लेखा परीक्षण :-
क) संस्थाको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ ।
ख) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुनेछ ।
ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बखतमा पनि आफै वा मातहतका कर्मचारी खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।
घ) लेखा परीक्षणको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।
ङ) संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद् र सम्बन्धि निकायमा पेश गरिनेछ ।

परिच्छेद - ७

निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धि व्यवस्था

२३. निर्वाचन सम्बन्धी व्यवस्था :-
क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको निर्वाचन कार्य समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्था गर्नेछ ।
ख) संस्थाको सदस्यता प्राप्त गरेको छ महिना पुगिसकेको व्यक्तिले निर्वाचनमा मतदान गर्न पाउने छ ।

ग) निर्वाचन सम्बन्धि विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

घ) निर्वाचन सम्पन्न भएको भोली पल्ट निर्वाचन कार्य समितिको स्वतः विघटन हुनेछ ।

२४. उम्मेदवार हुने योग्यता :-

क) दफा (८) अनुरूप अयोग्य नभएको

ख) सदस्यता नविकरण नियमित भएको ।

ग) माथि विधानमा व्यवस्था भए अनुसार सदस्यहरू बाहेक अन्य व्यक्ति उम्मेदवार हुन पाउने छैन ।

घ) माथि विधानभमा व्यवस्था भए अनुसारका साधारण सदस्यहरूले सदस्यता नवीकरण गरेको हुनुपर्ने छ ।

ङ) विधान अनुसार व्यवस्था भएअनुसारका साधारण सदस्यहरूले सदस्यता नवीकरण गरेको हुनु पर्ने छ ।

२५. अविश्वासको प्रस्ताव :-

क) अविश्वासको प्रस्ताव लिखित रूपमा कुन कुन पदाधिकारीको विरूद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

१) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

२) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ ।

३) साधारण सभा सदस्यहरू मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरूको प्रष्ट नाम, थर, ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

ख) उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरूलार्य विधानको दफा ११ (घ) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइनेछ ।

ग) अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :

१) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरू मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

२) उप-दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

घ) अविश्वासको प्रस्ताव माथि निर्णय :

१) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ

भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख) साधारण सभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२) साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरू पद मुक्त हुनेछन् ।

३) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२६. बिधान संशोधन :-

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरूले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्ने छ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

२७. नियम बनाउन सक्ने :-

क) संस्थाले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीइ अधिकारीलाई सोको जानकारी दिनु पर्नेछ ।

ख) यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्ता विनियमहरू साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८. कर्मचारीको व्यवस्था :-

क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरू अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयम् सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको वितरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराइनेछ ।

२९. संस्था खारेजी :-

क) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

ख) उपदफा (क) बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरू र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरू नियुक्त गर्न सक्नेछन् ।

ग) उपदफा (ख) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परिक्षकहरूको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

घ) यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

३०. ब्याख्या :-

यो बिधान र बिधान अन्तर्गत बनेको नियम, बिनियमको ब्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

३१. गोप्यता भंग गर्न नहुने :-

यस संस्थाका कुनैपनि पदाधिकारी वा सदस्यले अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरूले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन ।

३२. ऐन अनुसार हुने :-

यस विधानमा उल्लेख नभएका कुराहरू कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रस्ताव कानूनसँग बाँझिन गएमा बाँझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

३३. निर्देशनको पालना :-

नेपाल सरकार वा स्थानीय अधिकारीले समय-समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३४. तदर्थ समिति :-

क) यो संस्था स्थापना गरी दर्ता गराउनुको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

ख) प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारवाहीहरू यसै विधान सरह भएको मानिने छ ।

३५. हामी "बज्राचार्य क्लब" का निम्न संस्थापकहरू यस विधान बमोजिम कार्य गर्ने मञ्जुर भई निम्न साक्षीको रोहबरमा विधान सहीछाप गर्दछौं ।

बज्राचार्य क्लबको छाप

बज्राचार्य क्लबको छापमा तीन तह रहने छ । जसमा रञ्जना लिपी अंग्रेजी र देवनागरीमा बज्राचार्य क्लब र नेपाल संवतमा संस्था स्थापना भएको मिति र ब्रज सहितको अष्टदलको व्याख्या गरिएको छ , जुन यस प्रकारकार रहेको छ ।

तेस्रो तहको बीच भागमा वज्र र आँखा रहेका छन्। यी तीन तह काय्, वाक, चित्त स्वरूप रहेका छन । अर्थात शील, समाधि र प्रज्ञा प्रतिक हुन्। साथै पृष्ठ भुमिमा घण्ट रहेको छ ।

- काय् भनेको शरीर हो । यसको स्वरूप बज्राचार्य ''क्लब'' रहेको छ ।
- वाक् भनेको वचन हो । वाक्लाई अष्ठपद्मदलको शुद्धताले प्रतिविम्वत गर्न खोजिएको छ । यसको स्वरूप अष्ठदल पद्म रहेको छ । जुन वचन शुद्ध तरिकाले क्लेश रहित कोमल रूपमा देखिन्छ । यहि यसको प्रतिक हो । जसले यस ''बज्राचार्य क्लब'' को सदस्यहरूको कोमल वचनको प्रतिकको रूपमा लिएको छ ।
- चित्त भनेको मन हो । यसको स्वरूप वज्र र आँखा रहेको छ । जुन चित्त नै जीवनको महत्वपूर्ण अङ्ग हो । चित्तद्वारा शरीरलाई सदैव सञ्चालन गरीरहन्छ । यस्तै चित्तले वचनलाई पनि प्रभाव पारी रहेको हुन्छ । यसको स्वरूप प्रज्ञाचक्षु शुद्ध ज्ञान हो ।
- साथै पृष्ठ भुमिमा घण्ट रहेको छ । जुन भावनाको सुचना प्रवाह गर्ने एक उपाय स्वरूप लिईएको छ ।

बुद्धो भवेयं जगतो हिताय ।